## २०७५ आश्विन महिनाको मासिक प्रगति प्रतिवेदन

१. IT Park सम्बन्धमा मन्त्रालयका उपसचिव को अध्यक्षतामा एक अध्ययन समिति गठन गरी जग्गा प्रासि, सम्भाव्यता अध्ययन लगायतका प्रक्रिया अगाडी बढाइएको ।

२. २०७५/०६/११ गते माननीय मन्त्रीज्यूबाट सुस्ता बाढी प्रभावित क्षेत्रको अवलोकन भ्रमण तथा नवलपरासी जिल्लाको परासीमा विपद् व्यवस्थापन गोष्ठी सम्पन्न।

३. इ-बिडिङ्गबाट मन्त्रालयलाई आवश्यक पर्ने ४ वटा सवारी साधनहरुको खरीद प्रक्रिया पूरा गरिएको ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निम्न विषयहरूमा प्रस्ताव पेश गरिएको

- प्रदेश नं. ५ अन्तर्गतका गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ लागू हुने गरी मिति तोक्ने ।
- प्रदेश नं. ५ सञ्चार निती, २०७५
- प्रदेश नं. ५ प्रशारण सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको अवधारणा पत्रमा
- प्रदेश नं. ५ प्रदेश प्रहरी सम्बन्धी कानूनी व्यवस्था गर्न बन्ने विधेयकका सम्बन्धमा तयार गरिएको अवधारणा पत्रमा
- प्रदेश नं. ५ विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७५
- प्रदेश नं. ५ अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, (पहिलो संशोधन) लागु हुने गरी मिति तोक्ने

५. न्यायिक र अर्धन्यायिक निकायले गरेको फैसला कार्यान्वयन सम्बन्धी र मानव अधिकार सम्बन्धी अन्तरक्रिया कार्यक्रम रोल्पा जिल्लामा असोज १ गते सञ्चालन गरिएको

६. सरोकारवालाहरू छलफल गरिएको

- प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं प्रदेश ५ .सञ्चार नीति, २०७५

७. विभिन्न मन्त्रालयहरूबाट प्राप्त भएको विधेयक तथा विधेयकको अवधारणा पत्रमा सहमति प्रदान गरिएको

- प्रदेश नं. ५ को सुशासन (व्यवस्थापन तथा सञ्चालन) गर्न बनेको विधेयक
- प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश नं. ५ को प्रदेश तथ्यांकसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक
- प्रादेशिक कृषि व्यवसाय प्रवर्द्धन विधेयक
- प्रादेशिक मल विधेयक
- प्रादेशिक बिउ बीजन विधेयक
- प्रादेशिक सहकारी विधेयक

प्रदेश सरकार
प्रदेश नं. ५
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बुटवल, नेपाल

- प्रादेशिक दाना पदार्थ विधेयक
- प्रादेशिक पशु वधशाला तथा मासु जाँच विधेयक
- प्रादेशिक पशु स्वास्थ्य तथा पशु सेवा विधेयक
- प्रदेश राष्ट्रिय वनको संरक्षण र सुव्यवस्था गर्न बनेको विधेयक
- प्रादेशिक वन विधेयक
- प्रादेशिक पर्यटन विधेयक
- प्रादेशिक खानी तथा व्यवस्था विधेयक
- प्रादेशिक लोक मार्गको निर्माण एवं व्यवस्था गर्न बनेको विधेयक
- प्रदेश सवारी तथा यातायात व्यवस्था गर्न बनेको विधेयक
- प्रादेशिक बालबालिका सम्बन्धी विधेयकको अवधारणा पत्र
- प्रादेशिक खेलकुद विकास विधेयकको अवधारणा पत्र
- प्राकृतिक सम्पदा संरक्षण विधेयकको अवधारणा पत्र
- प्रादेशिक सामाजिक सुरक्षा विधेयकको अवधारणा पत्र
- प्रादेशिक स्वास्थ्य सेवा सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको विधेयकको अवधारणा पत्र

८. ०७५।६।१७ गते बुटवलमा १२ वटै जिल्लाका प्र.जि.अ. तथा सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, अनुसन्धान) का प्रमुखहरुको उपस्थितिमा प्रदेशस्तरिय सुरक्षा गोष्ठी सम्पन्न

९. मिति २०७५।०६।११ देखि २०७५।०६।१५ सम्म रुपन्देही जिल्लाको कारागारमा रहेका कैदिबन्दी लाई आचरण सुधारको तालिम सम्पन्न ।

१०. प्रदेश भित्रका कारागारमा भौतिक संरचना सुधार गर्नको लागि लगत स्टिमेट गर्न १० वटा कारागारलाई पत्राचार गरिएको ।